फोन नं: ०८४-४२०२०२
Email: dgao.bardiya@ag.gov.np, Web: www.ag.gov.np
ठेगाना: जिल्ला बर्दिया, गुलरिया नगरपालिका, वडा नं ६

# जिल्ला सरकारी वकील कार्यालय
# बर्दिया
## (प्रशासन शाखा)

जिल्ला सरकारी वकिल कार्यालय बर्दिया स्था. २०४२

पत्र संख्या:२०८०।०८१
चलानी नं. ४१८६

मिति: २०८१।०३।१४
ने.सं. ११४४ तछलागा ७ शुक्रबार

विषय: समुदायमा सरकारी वकील कार्यक्रमको प्रतिवेदन पठाएको सम्बन्धमा ।

श्री महान्यायाधिवक्ताको कार्यालय,
योजना, अनुसन्धान तथा अनुगमन विभाग,
रामशाहपथ, काठमाडौं ।

उपर्युक्त सम्बन्धमा यस कार्यालय र मधुवन नगरपालिका ८ नं वडा कार्यालयको सहकार्यमा संयुक्त आयोजनामा मिति २०८१।१।२८ गते समुदायमा सरकारी वकील कार्यक्रम अन्तर्गत लागू औषध सचेतना सम्बन्धी अन्तरक्रिया कार्यक्रम बर्दियाको मधुवन नगरपालिका ८ नं वडा कार्यालयको सभाहलमा सम्पन्न भएको थियो । उक्त कार्यक्रमको प्रतिवेदन यसै पत्र साथ संलग्न गरी पठाइएको ब्यहोरा अनुरोध छ ।

२०८१।३।१४
(नगेन्द्र लम्साल)
जिल्ला न्यायाधिवक्ता

वोधार्थ:
श्री उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज ।
श्री मधुवन नगरपालिका । (जानकारीको लागि)
श्री मधुवन नगरपालिका ८ नं वडा कार्यालय ।(जानकारीको लागि)

# "समुदायमा सरकारी वकील कार्यक्रम"
# लागू औषध सचेतना सम्बन्धी अन्तरक्रिया कार्यक्रम

<u>प्रतिवेदन</u>

कार्यक्रम आयोजना मितिः २०८१ बैशाख २८ गते

कार्यक्रम स्थानः मधुवन नगरपालिका, ८ नं. वडा कार्यालय बर्दिया।

आयोजक

जिल्ला सरकारी वकील कार्यालय, बर्दिया ।

मधुवन नगरपालिका, ८ नं. वडा कार्यालय, बर्दिया।

<u>प्रतिवेदक</u>

सहायक जिल्ला न्यायाधिवक्ता श्री कमल सुनार

जिल्ला सरकारी वकील कार्यालय, बर्दिया ।

## विषयसूची


| | | पृ. |
|---|---|---|
| १. | कार्यक्रमको संक्षिप्त जानकारी | १ |
| २. | कार्यक्रमको उद्देश्य | १ |
| ३. | कार्यक्रममा प्रस्तुत भएका विषयहरू र प्रस्तुतकर्ता | १ |
| ४. | छलफलमा व्यक्त भएका विचारहरू र उठेका मुख्य मुख्य विषयहरू | १ |
| ५. | छलफलमा उठेका विषयहरूको सम्बोधन | ३ |
| ६. | कार्यक्रमका वक्ताहरुको मन्तब्य | ४ |
| ७. | कार्यक्रमबाट हासिल मुख्य उपलब्धिहरू | ५ |
| ८. | कार्यक्रम आयोजनामा आइपरेका समस्या/चुनौतीहरू | ६ |
| ९. | आगामी कार्यक्रमका लागि सुझाव | ६ |
| | अनुसूचीहरु | |
| | क) कार्यक्रम तालिका | ७ |
| | ख) कार्यक्रमका सहभागीहरूको नामावली | ८ |
| | ग) कार्यक्रमको तस्विर | ११ |
| | घ) कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरू | १३ |

## कार्यक्रमको संक्षिप्त प्रतिवेदन

### १. कार्यक्रमको संक्षिप्त जानकारी

१) कार्यक्रमको नामः समुदायमा सरकारी वकील कार्यक्रम
लागू औषध सचेतना सम्बन्धी अन्तरक्रिया कार्यक्रम ।

२) कार्यक्रम सञ्चालन स्थानः मधुवन नगरपालिका, ८ नं. वडा कार्यालयको सभाहल, बर्दिया ।

३) कार्यक्रम व्यवस्थापन र समन्वयः मधुवन नगरपालिका, ८ नं. वडा कार्यालय ।

४) कार्यक्रम आयोजना मितिः २०८१।०१।२८

५) कार्यक्रम अवधिः विहान ११:०० बजेदेखि दिउँसो २:३० बजेसम्म

६) सहभागी संख्याः ५९

७) कार्यक्रम संयोजन

क) संयोजकः जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल, जिल्ला सरकारी वकील कार्यालय (जि.स.व.का.), बर्दिया

ख) प्रतिवेदकः सहायक जिल्ला न्यायाधिवक्ता श्री कमल सुनार, जि.स.व.का. बर्दिया

ग) सहयोगीः हलुका सवारी चालक बालकृष्ण थारु र कार्यालय सहयोगी सुजित श्रेष्ठ, जिसवका बर्दिया ।

### २. कार्यक्रमको उद्देश्य

(१) समुदायलाई सरकारी वकीलको काम कारबाही बारे जानकारी गराउने ।

(२) लागू औषध सम्बन्धमा समुदायको सचेतना अभिवृद्धि गराउने

(३) लागू औषध सम्बन्धमा समुदायले उठाएका जिज्ञासाहरूको सम्बोधन गर्ने ।

### ३. कार्यक्रममा प्रस्तुत भएका विषयहरू र प्रस्तुतकर्ता

१) पहिलो कार्यपत्रः सरकारी वकीलको परिचय, सरकारवादी मुद्दाहरू र समुदायबाट गरिएको अपेक्षा, नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया

२) दोस्रो कार्यपत्रः मधुवन नगरपालिकामा लागू औषध साथै अन्य अपराधको प्रवृत्तिको अवस्था, ईलाका प्रहरी कार्यालय ढोढरीका प्रहरी सहायक निरीक्षक श्री दर्पण राना

३) तेस्रो कार्यपत्रः लागू औषधको प्रयोग, असर र कानूनी व्यवस्था, जिल्ला सरकारी वकील कार्यालय बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल

### ४. छलफलमा व्यक्त भएका विचारहरू, उठेका मुख्य मुख्य विषयहरू र सुझावहरु

कार्यक्रममा कार्यपत्र प्रस्तोताले कार्यपत्र प्रस्तुत गरेपछि सहभागीहरुबाट जिज्ञाशा राखे कार्य गरिएको थियो । सहभागीहरुले कार्यक्रममा व्यक्त विचारहरुलाई बुँदागत रुपमा उल्लेख गरिएको छ ।

**श्री अमृता थापा**

**मधुवन नगरपालिका वडा नं ८, बर्दिया ।**

- नेपालमा कानूनी व्यवस्था अनुसार मुद्दा चलेको कति समयमा मुद्दाको फैसला हुन्छ । पीडितले न्याय पाउन कति समय लाग्छ ।
- लागू औषध नियन्त्रणका लागि गाउँ गाउँमा प्रहरीले गस्ती बढाउन जरुरी छ।

**श्री हरिबहादुर सुनार**

**प्रधान अध्यापक, श्री ने.रा.आ.वि. बाँसपानी, बर्दिया**

- लागू औषध नियन्त्रणका लागि सबै क्षेत्र, तह, तप्का, प्रहरी र प्रशासन क्रियाशील हुनुका साथै लागू औषधको असर बारे जानकारी हनुका साथै कानून अनुसार लागू औषधको सेवन र कारोबार गर्दा हुने सजायका बारेमा समेत सबैलाई जानकारी गराउन जरुरी छ।

**श्री माला श्रीस मगर**

**मेलमिलाप सदस्य, मधुवन-८, बर्दिया**

- मधुवन नगरपालिका भारतको सिमा जोडिएको खुला नाका भएकाले खुला नाकाबाट लागू औषध भित्रिने गरेकाले लागू औषध नियन्त्रण गर्न खुला नाकामा सुरक्षाकर्मी थप गर्नु पर्ने देखिन्छ ।

**श्री झुपलाल डाँगी**

**मधुवन नगरपालिका वडा नं ८।**

- लागू औषधका मुद्दामा समातिएका व्यक्तिलाई कानून अनुसार कारवाही हनुपर्छ । राजनीतिक पहुँचमा समातिएका व्यक्तिलाई छोड्ने काम गरिनु हुँदैन ।

**श्री शशी ढकाल**

**जी.जी.एन. बोडिङ्ग स्कूल, संचालक, मधुवन-८।**

- मधुवन नगरपालिका क्षेत्रमा लागू औषध दुर्व्यसनीको संख्या बढ्दै गएकाले स्थानीय तहले विद्यालयमा कुनै एक दिनको समय मिलाएर लागू औषध सम्बन्धि सचेतनामूलक कार्यक्रम संचालन गर्न जरुरी छ ।

**श्री संगु घले, श्री मनसुरी राजी र भिम बहादुर डाँगी**

**मधुवन-८, बर्दिया**

- बालबालिका तथा युवाहरुलाई लागू औषध सम्बन्धी सचेतनामूलक कार्यक्रम गरी सचेत गराउने, आमा, बुवा तथा अभिभावक सचेत हुने, आफ्ना बालबच्चा कहाँ गएका छन् के गर्दै छन्, को सँग गएका छन्, के खाँदै छन् भनी ख्याल गर्नुपर्ने देखिन्छ ।

**श्री बालबहादुर थापा**

**प्रहरी बरिष्ठ नायव निरीक्षक, ईलाका प्रहरी कार्यालय सानो श्री ।**

- लागू औषध दुर्व्यसनी र बेचबिखन रोकथामका लागि प्रहरी क्रियाशील रहेको छ । लागू औषधको सेवन र बिक्री वितरणले पार्ने असरहरुका सम्बन्धमा सरोकारवाला निकायहरुले अभियानको रुपमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न जरुरी छ । प्रहरीले समुदायसँगको सहकार्यमा सचेतनामूलक कार्यक्रमहरु अन्तर्गत समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गरिरहेको छ।

**श्री विजयकुमार राना**

**पूर्व वडा अध्यक्ष, मधुवन नगरपालिका ८ नं वडा कार्यालय**

- लागू औषध दुर्व्यसनले टोल र समाजलाई विकृत तुल्याएको छ । लागू औषध दुर्व्यसनीको संख्या बढ्दै जानाले समाजमा नकारात्मक असर पर्दै गएको छ । यसको रोकथामका लागि समाजका हरेक क्षेत्रका प्रबुद्ध वर्गले आ आफ्नो क्षेत्रबाट न्यूनीकरणको प्रयास गर्न जरुरी छ।
- लागू औषध दुर्व्यसनी आफ्नो टोल र छिमेकीको बच्चा भएको जानकारी भएमा सबैले दुर्व्यसनीबाट जोगाउन पहल गर्नुपर्छ । अर्काको बच्चा दुर्व्यसनी हो हामीलाई के फरक पर्छ भनी वास्ता नगर्दा त्यसले समाजलाई घात गर्छ ।

**प्रदिप ज्ञवाली**

**कानूनी सहायता अधिकृत**

**जिल्ला कानूनी सहायता समिति बर्दिया**

- २०६१ साल माघदेखि बर्दिया जिल्लामा जिल्ला कानूनी सहायता समिति क्रियाशील रहेको छ।
- वडा कार्यालयको सिफारिसमा विपन्न वर्गलाई निशुल्क रुपमा कानूनी सहायता र परामर्श उपलब्ध गराउँदै आएका छौं ।
- अदालतमा लाग्ने दस्तुर चाहिं सेवाग्राहीले बुझाउनुपर्छ । अन्य कुनै पनि शुल्क कानूनी सहायता प्राप्त गर्नका लागि तिर्नुपर्दैन ।

## ५. छलफलमा उठेका विषयहरूको सम्बोधन

उक्त कार्यक्रममा सहभागीहरुले लागू औषध के कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने सन्दर्भमा सुझावहरु प्राप्त भएको छ। प्राप्त सुझावहरुलाई मनन गर्दै छलफलमा उठाइएका विषयहरूको जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्सालले सम्बोधन गर्नुभएको थियो । छलफलमा उठेका विषयहरूको सम्बोधनलाई बुँदागत रूपमा उल्लेख गरिएको छ।

**श्री नगेन्द्र लम्साल**

**जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, बर्दिया**

- जिल्ला अदालतमा मुद्दा दर्ता भएपछि मुद्दाको सम्पूर्ण अंग पुगेपछि ढिलोमा २ वर्ष भित्र फैसला भएको अवस्था छ । मुद्दाको अंग पुगेपछि छिटो पनि फैसला भइरहेका छन् । कानूनको विवादमा परेका बालबालिकाहरुसँग सम्बन्धित मुद्दाको किनारा बाल अदालतले १२० दिन भित्र गर्नुपर्ने व्यवस्था बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ३७ ले गरेको छ ।
- लागू औषध दुर्व्यसनी र कारोबारको नियन्त्रणका लागि समुदायका हरेक वर्ग सचेत भई वडाले वडामा क्रियाशील संघ संस्थाहरु, शिक्षण संस्था र टोल समितिहरुसँग सहकार्य गरी रोकथाम नियन्त्रणका कार्यहरु र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै लागू औषध दुर्व्यसनीलाई सुधार गृहमा राख्ने कार्यका लागि परिवारका सदस्यहरुलाई प्रोत्साहित गरी लागू औषध दुर्व्यसनीमा फसेका मानिसहरुका लागि सामाजिक पुर्नस्थापनाका कार्यक्रमहरु सञ्चालन गरिएमा लागू औषधको प्रयोग र कारोबारको न्यूनीकरण गर्न सहयोग पुग्छ।
- बर्दिया जिल्लामा लागू औषध सम्बन्धी सरकारवादी फौजदारी मुद्दाको संख्या सबैभन्दा बढि भएकाले लागू औषध दुर्व्यसनी न्यूनीकरण गर्न तथा लागू औषध बिक्री वितरणको कार्य रोकथामका लागि समुदाय क्रियाशिल हुन जरुरी छ।

## ६. कार्यक्रमका वक्ताहरुको मन्तव्य

**श्री मेकबहादुर गुरुङ**

**वडा अध्यक्ष, मधुवन नगरपालिका ८ नं. वडा कार्यालय ।**

- लागू औषध दुर्व्यसन र यसको बिक्री वितरण कार्य न्यूनीकरणका लागि प्राप्त सुझावहरु वडा कार्यालयका लागि निकै महत्वपूर्ण छन् । कार्यक्रममा सहभागीहरुले व्यक्त गरेका भनाई र प्रस्तुत गरिएको कार्यपत्रबाट लागू औषध सम्बन्धी सचेतना जगाउन र न्यूनीकरणका लागि निकै उपलब्धीमूलक रहेको छ।
- लागू औषध दुर्व्यसन र यसको बिक्री वितरण कार्य वडा तहमा न्यूनीकरणका लागि टोल टोलमा समिति बनाएर कार्य गर्न जरुरी छ । लागू औषध दुर्व्यसन र यसको बिक्री वितरण रोकथामका लागि सबै वडामा क्रियाशील राजनीतिक दल र वडा कार्यालयले अभियानको रुपमा कार्यक्रम सञ्चालन गर्दा निकै प्रभावकारी भई न्यूनीकरणमा समेत मद्दत पुग्छ ।
- विगतमा चोरी शिकारी बढेको अवस्थामा टोल टोलमा चोरी शिकारी नियन्त्रण समिति बनाएर कार्य गर्दा निकै मानिसहरु पक्राउ पर्नुका साथै रोकथाममा समेत सहयोग पुगेको थियो ।

- हाम्रो नयाँ पुस्ताको भविष्यको लागि लागू औषध दुर्व्यसन जस्ता कुलतबाट जोगाउन हामी सबैले साझा प्रयास गर्न जरुरी छ ।
- लागू औषधले समाजलाई भित्र भित्र खोक्रो बनाउदै गएको छ। यसको नियन्त्रणका लागि सबै नगरवासीको भूमिका महत्वपूर्ण हुन्छ।
- मधुवन नगरपालिका भित्र लागू औषध नियन्त्रणका लागि सबै सरकारी र गैरसरकारी निकाय, समुदायका सबै वुद्धिजीवि, समाजसेवी र जनप्रतिनिधिहरुले आ-आफ्नो क्षेत्रबाट सहकार्य गरी कार्य गरेमा लागू औषध दुर्व्यसन र बिक्री वितरण न्यूनीकरणमा महत्वपूर्ण भूमिका हुन्छ ।
- सिमा क्षेत्रमा प्रहरी गस्तीलाई बढवा दिने, आफ्ना बालबालिका र परिवारका सदस्य लागू औषधको कूलतमा फसेको शंका लागेमा निगरानी गर्ने। लागू औषध सेवन तथा कारोवार भइरहेको सूचना समयमै प्रहरीलाई दिएमा रोकथाममा मद्दत पुग्छ ।
- लागू औषध नियन्त्रण गर्नका लागि पनि कानूनी सचेतना कार्यक्रम आवश्यक छ ।
- लागू औषध विहीन समाज निर्माण र सुशासन कायम गर्नका लागि हरेक नागरिकलाई कानूनी रुपमा सचेत हुन जरुरी हुन्छ ।

जिल्ला सरकारी वकील कार्यालय बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्सालको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको सञ्चालन सहायक जिल्ला न्यायाधिवक्ता श्री कमल सुनारले गर्नुभएको थियो।

### ७. कार्यक्रमबाट हासिल मुख्य उपलब्धिहरू

- सरकारी वकीलको काम कारबाही बारे सहभागीलाई जानकारी भई सरकारी वकीलको कामको पहिचानमा वृद्धि भएको छ ।
- लागू औषधले समाजमा पुर्याउने असर, लागू औषध सेवन तथा कारोवार गर्दा हुने सजाय र लागू औषध सेवनकर्ताले देखाउने लक्षणका सम्बन्धमा सचेतना वृद्धि भएको छ।
- सरकारी वकीलको काम कारबाहीको उत्तरदायित्व र पारदर्शीताको सम्बन्धमा सहभागीले राखेको जिज्ञाशा र त्यसको सम्बोधनले मद्दत गरेको छ।
- अपराधको न्यूनीकरण एवम् कानूनको न्यायप्रणालीप्रति विश्वासको भावना वृद्धि भएको छ ।
- सरकारवादी मुद्दाको अनुसन्धानमा लागू औषध लगायतका मुद्दामा समुदायको सहयोगले फौजदारी न्याय प्रशासन सवल बनाउन र कसूरदारलाई सजाय दिलाउन महत्वपूर्ण भूमिका हुने भनी सहभागीमा सचेतना वृद्धि भएको छ।

**८. कार्यक्रम आयोजनामा आइपरेका समस्या/चुनौतीहरू**

कार्यक्रम सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको थियो। कार्यक्रम आयोजना र सञ्चालनमा कुनै समस्या र चुनौतीको सामना आयोजकले गर्नु परेन ।

**९. आगामी कार्यक्रमका लागि सुझाव**

- समुदायमा सरकारी वकील कार्यक्रमलाई अभियानको रूपमा समुदायका हरेक क्षेत्र, वर्ग र जिल्लाका विभिन्न स्थानमा कार्यक्रम आयोजना गर्दा सरकारी वकीलको पहिचान वृद्धि हुनुका साथै अपराधको रोकथाम र अपराधको अनुसन्धानमा समुदायको सहयोगमा वृद्धि हुने देखिन्छ।

अनुसूचीहरू

क) कार्यक्रम तालिका

**"समुदायमा सरकारी वकील कार्यक्रम" लागू औषध सचेतना सम्बन्धी अन्तरक्रिया कार्यक्रम**

मितिः २०८१।१।२८ गते समयः विहान ११:०० बजेदेखि दिउँसो २:३० बजेसम्म

कार्यक्रम स्थानः मधुवन नगरपालिका, ८ नं वडा कार्यालयको सभाहल, बर्दिया ।

आयोजकः जिल्ला सरकारी वकील कार्यालय बर्दिया र

मधुवन नगरपालिका, ८ नं वडा कार्यालय, बर्दिया ।

कार्यक्रम सञ्चालकः सहायक जिल्ला न्यायाधिवक्ता श्री कमल सुनार, जिसवका बर्दिया

| | |
|---|---|
| ११:००-११:१५ | उपस्थिति |
| ११:१५-११:३० | कार्यक्रम अध्यक्षताः जिल्ला सरकारी वकील कार्यालय बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल<br>प्रमुख अतिथिः मधुवन नगरपालिकाका प्रमुख श्री तेजबहादुर भाटज्यू<br>विशेष अतिथिः मधुवन नगरपालिकाका प्रवक्ता एवं मधुवन नगरपालिका ८ नं वडा कार्यालयका अध्यक्ष श्री मेकबहादुर गुरुङज्यू<br>अतिथिहरुः जिल्ला कानूनी सहायता समिति बर्दियाका कानूनी सहायता अधिकृत श्री प्रदिप ज्ञवालीज्यू<br>ईलाका प्रहरी कार्यालय सानो श्री का प्रहरी बरिष्ठ नायव निरीक्षक श्री बालबहादुर थापाज्यू<br>कार्यक्रममा उपस्थिति जनप्रतिनिधिज्यूहरु, कर्मचारीज्यूहरु एवं उपस्थित महानुभावहरु । |
| | राष्ट्रिय गान |
| ११:३०-११:५० | कार्यपत्र प्रस्तुती १) सरकारी वकीलको परिचय, सरकारवादी मुद्दाहरू र समुदायबाट गरिएको अपेक्षा, जिल्ला सरकारी वकील कार्यालय बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल |
| ११:५०-१२:१५ | २) मधुवन नगरपालिकामा लागू औषध साथै अन्य अपराधको प्रवृत्तिको अवस्था, ईलाका प्रहरी कार्यालय ढोढरीका प्रहरी सहायक निरीक्षक श्री दर्पण राना |
| १२:१५-१:०० | ३) लागू औषधको प्रयोग, असर र कानूनी व्यवस्था, जिल्ला सरकारी वकील कार्यालय बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल |
| १:००-२:०० | खुला छलफल र जिज्ञाशाको सम्बोधन |
| २:००-२:३० | मन्तब्यः विशेष अतिथिः मधुवन नगरपालिकाका प्रवक्ता एवं मधुवन नगरपालिका ८ नं वडा कार्यालयका अध्यक्ष श्री मेकबहादुर गुरुङज्यू<br>कार्यक्रम समापनः जिल्ला सरकारी वकील कार्यालय बर्दियाका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्सालज्यू |

**ख) कार्यक्रमका सहभागीहरूको नामावली**

| क्र.सं. | नाम | पद/कार्यालय | टेलिफोन नं/ईमेल |
|---|---|---|---|
| १ | नगेन्द्र लम्साल | जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय बर्दिया | ९८४१४४०७८१ |
| २ | तेजबहादुर भाट | प्रमुख, मधुवन नगरपालिका | ९८५८०२११३५ |
| ३ | मेकबहादुर गुरुङ्ग | अध्यक्ष, मधुवन नगरपालिका ८ नं वडा कार्यालय | ९८५८०२३६६८ |
| ४ | विजय कुमार राना | पूर्व वडा अध्यक्ष, मधुवन न.पा वडा नं. ८ | ९८५८०२६२२६ |
| ५ | बमबहादुर थापा | वडा सदस्य वडा नं. ८ मधुवन न.पा | ९८६१०५०१११ |
| ६ | गणेश गड्तौला | मधुवन-८ | ९८४८०७३६३५ |
| ७ | युद्धबहादुर खड्का | पूर्व वडा अध्यक्ष | ९८४८०३०५३० |
| ८ | बाल बहादुर थापा | प्रहरी वरिष्ठ नायव निरीक्षक, ईलाका प्रहरी कार्यालय सानो श्री | ९८५८०९०२७३ |
| ९ | दर्पण राना | प्र.स.नि. इलाका प्रहरी कार्यालय, ढोढरी | ९८६६०९३०८७ |
| १० | संगु घले | मधुवन-८ | ९८६८६५२८६२ |
| ११ | मन्सुरी राजी | मधुवन-८ | - |
| १२ | प्रदिप ज्ञवाली | कानूनी सहायता अधिकृत- जिल्ला कानूनी सहायता समिती बर्दिया | ९८४८०२१४४१ |
| १३ | भिम बहादुर डाँगी | - | - |
| १४ | हरि बहादुर बस्नेत | प्र.अ. श्री शिव दुर्गा मा.वि मधुवन-८ | ९८४८०८१०४९ |
| १५ | विनोद चन्द | प्र.अ. न्यू ल्याण्ड एकेडेमी मधुवन-८ बर्दिया | ९८५८०५२६२८ |
| १६ | झुपलाल डाँगी | मधुवन नगरपालिका, वडा नं.८ | ९८२२४६४४३५ |
| १७ | नकेन्द्र खत्री | समाजसेवी, मधुवन नगरपालिका, वडा नं.८ | ९८६३६४३६४९ |

| | | | |
|---|---|---|---|
| १८ | बलबहादुर दर्लामी | समाजसेवी, मधुवन नगरपालिका वडा नं. ८ | ९८६३११५४३५ |
| १९ | आशिष खत्री | समाजसेवी, मधुवन नगरपालिका वडा नं. ८ | ९८००५८४८६९ |
| २० | यमराज आचार्य | समाजसेवी, मधुवन नगरपालिका वडा नं. ८ | ९७०३१२८२८९ |
| २१ | प्रेम वली | समाजसेवी, मधुवन नगरपालिका वडा नं. ८ | ९७०६२११६१५ |
| २२ | जीवन उनाल्सी | मधुवन नगरपालिका वडा नं.८ | ९८२२००६०४४ |
| २३ | अलिस भुसाल | विद्यार्थी, मधुवन वडा नं ८ | ९८१४५००२०८ |
| २४ | समिर खत्री | विद्यार्थी, मधुवन वडा नं. ८ | ९७०२१७९२५० |
| २५ | आयुष अधिकारी | विद्यार्थी, मधुवन वडा नं ८ | - |
| २६ | सरगम बुढा | विद्यार्थी, मधुवन वडा नं ८ | ९८६४९५६८१७ |
| २७ | पुष्षा बुढा मगर | विद्यार्थी, मधुवन वडा नं ८ | ९८२९६२१३७८ |
| २८ | सम्झना गुरुङ्ग | विद्यार्थी, मधुवन वडा नं ८ | ९८८४३५२८६८ |
| २९ | सागर बुढा | विद्यार्थी, मधुवन वडा नं ८ | ९७६२४५७५४३ |
| ३० | सन्दिप गुरुङ्ग | विद्यार्थी, मधुवन वडा नं ८ | ९८००५६३०५२ |
| ३१ | करण वली | विद्यार्थी, मधुवन वडा नं ८ | - |
| ३२ | ईश्वर पुन मगर | विद्यार्थी, मधुवन वडा नं ८ | - |
| ३३ | हिक्मत भण्डारी | समाजसेवी, मधुवन वडा नं.८ | ९७६४२९४७६५ |
| ३४ | झलक बहादुर के.सी. | रा.स्व.पार्टी नि.क्षे समिती सभापती वडा नं.८ | ९८४८०८७२३६ |
| ३५ | प्रेम कुमारी बुढा मगर | शिक्षक- ने.रा.आ.वि. बाँसपानी मधुवन-८ | ९८४४८४१३९८ |
| ३६ | पूर्ण बस्नेत | शिक्षक- ने.रा.आ.वि. बाँसपानी मधुवन-८ | ९८६८०५६७३६ |
| ३७ | अमृता थापा | वडा नं. ८ | ९७०४१६०८४० |
| ३८ | चेतन खत्री | वडा नं. ८ | ९८८२३२३६५४ |
| ३९ | गीता शर्मा | कोषाध्यक्ष श्री गणेश शिव दुर्गा | ९८६८९१५७१२ |

| | | | |
|---|---|---|---|
| | | सा.व. समिती | |
| ४० | नारायणी सुवेदी | मेलमिलाप संयोजक | ९८४८०२६१६० |
| ४१ | लोकबहादुर श्रेष्ठ | मेलमिलाप सदस्य | ९८६८०५३२३७ |
| ४२ | माला श्रीस मगर | मेलमिलाप सदस्य | ९८४८०८४८४१ |
| ४३ | हरिबहादुर सुनार | प्र.अ. ने.रा.आ.वि बाँसपानी | ९८४८०२८९११ |
| ४४ | यामबहादुर भण्डारी | मधुवन-८, अध्यक्ष विकास प्रेमी यूवा समूह | ९७६६६६७१०५ |
| ४५ | निखिल राना | समाजसेवी मधुवन-८ | ९८०६०७९९५३ |
| ४६ | शशि ढकाल | मधुवन-८, संचालक जी. जा. एन. बोडिङ्ग स्कूल | ९८४८१८६४४३ |
| ४७ | कुल बहादुर खड्का | मधुवन ८, नेपाली काँग्रेस सचिव | ९८६८०७७४३९ |
| ४८ | तारा कुमारी आचार्य | वडा सदस्य, मधुवन-८ | ९८४८०८२०३१ |
| ४९ | लक्ष्मी के.सी. | मेलमिलापकर्ता, मधुवन-८ | ९८५८०३६३३८ |
| ५० | राम चन्द्र थापा | - | ९८५८०२३३३५ |
| ५१ | सितल थापा | पत्रकार-रेडियो रामज्ञा | ९८४८०९६१९१ |
| ५२ | खगेन्द्र ब. भुसाल | सेवक, मधुवन-८ | - |
| ५३ | पारसमणी सोनाम | ना.प.से.प्रा- ८ नं. वडा कार्यालय | ९८४४८८३५९४ |
| ५४ | कल्पना वि.क. | ना.प्रा.स.- ८ नं. वडा कार्यालय | ९८४८३७३५९८ |
| ५५ | बालकृष्ण थारु | ह.स.चा. जि.स.व.का. बर्दिया | ९८६८०८०५८७ |
| ५६ | सुकलाल थारु | अ.स.ई. ८ नं. वडा कार्यालय | ९८४८०२३८१६ |
| ५७ | एकराज खत्री | वडा सदस्य मधुवन-८ | ९८५८०८१६३४ |
| ५८ | कमल सुनार | सहायक जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय बर्दिया | ९८६८०८९८९० |
| ५९ | सुजित श्रेष्ठ | का.स., जि.स.व.का. बर्दिया | ९८६६६४२०११ |

ग) कार्यक्रमको तस्विर



मिति २०८१।१।२८ गते आयोजित समुदायमा सरकारी वकील कार्यक्रमका सहभागीहरु ।




कार्यक्रमबारे विचार राख्नु हुँदै मधुवन नगरपालिका ८ नं वडा कार्यालयका पूर्व वडाअध्यक्ष

विजयकुमार राना



कार्यक्रममा मन्तब्य व्यक्त गर्दै मधुवन नगरपालिका ८ नं वडा कार्यालयका अध्यक्ष मेकबहादुर गुरुङ




कार्यक्रममा धारणा व्यक्त गर्दै जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्साल

**घ) कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरू**

**पहिलो कार्यपत्र**

## १ सरकारी वकीलको परिचय, सरकारवादी मुद्दाहरू र समुदायबाट गरिएको अपेक्षा

नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता,
जिल्ला सरकारी वकील कार्यालय, बर्दिया
२०८१ बैशाख २८ गते

**सरकारी वकीलको परिचयः**

**सरकारी वकील को हुन् :**

- फौजदारी न्याय प्रशासनका तीन प्रमुख कार्य अनुसन्धान, अभियोजन र न्यायिक निर्णय मध्ये महान्यायाधिवक्ताको कार्यालय र यस अन्तर्गतका सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूलाई राज्यको तर्फबाट अभियोजनकर्ताको जिम्मेवारी दिइएको छ ।
- राज्यको कानूनको रक्षक र सरकारको कानूनी सल्लाहकार सरकारी वकील हो ।
- सरकारवादी मुद्दाहरूमा र सरकारलाई विपक्षी बनाई दायर भएका रिट/मुद्दाहरूमा राज्यको तर्फबाट अदालत/न्यायिक निकायमा प्रतिनिधित्व गर्दै वहस पैरवी र प्रतिरक्षा गर्ने र सरकावादी मुद्दाहरूको अभियोजन गर्ने कानूनी अधिकार प्राप्त व्यक्तिलाई सरकारी वकील भनिन्छ ।
- सरकारी वकील कानूनको ज्ञाता र विशेषज्ञ हुन्छन् ।
- मानव अधिकारको रक्षक ।
- फौजदारी न्याय प्रशासनको सुधारको संवाहक र समन्वयकर्ता ।
- कानूनको शासनको संरक्षक तथा प्रचलनकर्ता ।
- निशुल्क पीडित पक्षको प्रतिनिधित्व गर्छन् ।
- पीडितलाई न्याय र कसूरदारलाई सजाय दिलाउन न्यायका लागि बोल्ने सहजकर्ता र पीडितलाई अदालतबाट अन्तिम फैसला भएपछि क्षतिपूर्ति दिलाउन समन्वय गर्ने भएकाले सरकारी वकील जनताका वकील हुन् ।

**सरकारी वकीलका कामहरूः**

सरकारी वकीलको काम सरकार वादी हुने देवानी मुद्दा र सरकारवादी हुने फौजदारी मुद्दासँग मात्र सम्वन्धित हुन्छ । उक्त मुद्दाहरुमा सरकारी वकीलले निम्न कार्यहरू गर्छः

- नेपालको संविधानले संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तामा निहित राखेको छ । धारा १५८ (२)

- महान्यायाधिवक्ताबाट अभियोजन सम्बन्धी आफूमा निहित अधिकार मातहत सरकारी वकीललाई तोकिएको शर्तको अधिनमा रही प्रयोग र पालना गर्न सक्ने गरी प्रत्यायोजन गरिएको हुन्छ ।
- नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ भनी उल्लेख छ । धारा १५८ (२)
- नेपालको संविधानमा भएको व्यवस्था, महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार र अन्य कानूनहरूमा भएको व्यवस्था अनुसार सरकारी वकीलले सरकारवादी मुद्दाको साथै सरकारलाई सरोकार पर्ने मुद्दा र सरकारलाई विपक्षी बनाई दायर भएका मुद्दा मामिला र रिट क्षेत्रमा समेत अभियोजन, वहस पैरवी, प्रतिरक्षा गर्ने र सरकारी निकायहरूलाई कानूनी राय प्रदान गर्ने र हिरासतमा रहेका व्यक्तीलाई मानवोचित व्यवहार नगरेको, आफन्त वा कानून व्यवसायीलाई भेटघाट गर्न नदिएको भन्ने जानकारी वा उजुरी परेमा हिरासत अनुगमन गर्ने र छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने काम सरकारी वकीलले गर्छन् ।
- कसूरको प्रभावकारी अनुसन्धानका आधारमा दोषी देखिएका व्यक्ति उपर नेपाल सरकारको तर्फबाट अभियोजन गर्ने र पीडितलाई न्याय उपलब्ध गराउन पिडितको तर्फबाट बहस पैरवी/प्रतिरक्षा गर्ने काम सरकारी वकीलबाट हुन्छ ।
- कसूरको अनुसन्धान गर्ने अधिकारीहरू (प्रहरी अधिकृत, वन कर्मचारी, राष्ट्रिय निकुञ्जका कर्मचारी, औषधी निरिक्षक, खाद्य निरिक्षक, प्रमुख जिल्ला अधिकारी वा अधिकृत आदि) लाई कसूरको अनुसन्धान गर्दा निर्देशन दिने ।
- कसूरको अनुसन्धान गरे पछि प्रमाणको आधारमा को उपर मुद्दा चल्ने, को उपर मुद्दा नचल्ने, मुद्दा चल्ने भए कुन कसूरमा कुन सजायको मागदावी लिएर मुद्दा चलाउने भन्ने कुराको निर्णय गर्ने ।
- मुद्दा चलाउने निर्णय भएमा अभियोग पत्र तयार गरी अदालत/न्यायिक निकायमा प्रमाण सहित मुद्दा पेश गर्ने ।
- मुद्दामा सरकारको तर्फबाट बहस पैरवी गर्ने, साक्षीहरुको वकपत्र गराउने, जिरह गर्ने, पछि प्राप्त भएका प्रमाणहरु अदालतमा पेश गर्ने ।
- अदालत/न्यायिक निकायले गरेको फैसला वा आदेशमा चित्त नबुझेमा माथिल्लो अदालतमा पुनरावेदन गर्ने वा निवेदन दिने ।
- नेपाल सरकारका कार्यालयहरुले माग गरेको कानूनी प्रश्नमा कानूनी राय प्रदान गर्ने ।
- नेपाल सरकारको हक हित सरोकार रहेको मुद्दामा बहस पैरवी प्रतिरक्षा गर्ने तथा साक्षीको वकपत्र गराउने ।

- सरकारी निकाय वा पदाधिकारी विरुद्धका मुद्दामा सरकारी निकाय वा पदाधिकारीको प्रतिरक्षा गर्ने ।
- हिंसा वा अपराध पीडित, जाहेरवाला वा साक्षीका साथै हिरासतमा रहेका व्यक्तिहरूको मानवअधिकारको संरक्षण गर्ने ।

**नेपालमा सरकारी वकील कार्यालयको सांगठनिक संरचना:**

१) महान्यायाधिवक्ताको कार्यालय (१ वटा)

२) उच्च सरकारी वकील कार्यालयहरू (१८ वटा)

३) विशेष सरकारी वकील कार्यालय (१ वटा काठमाडौंमा रहेको )

४) जिल्ला सरकारी वकील कार्यालयहरू (७७ वटा)

**नेपालमा सरकारी वकीलका पदहरू:**

- **महान्यायाधिवक्ता:** प्रधानमन्त्री सिफारिसमा राष्ट्रपतिबाट नियुक्त हुने संवैधानिक व्यवस्था नेपालको संविधानको धारा १५७ (२) मा रहेको छ । धारा १५८ (१) मा नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हुनेछ भनी उल्लेख भएको । धारा १५८ (२) मा यस संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको छ । महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार सम्बन्धी विस्तृतमा नेपालको संविधानको धारा १५८ मा उल्लेख रहेको छ ।
- **नायव महान्यायाधिवक्ता:** नेपाल न्याय सेवाको राजपत्रांकित विशिष्ट श्रेणी (सचिव स्तर) को सरकारी वकील ।
- **सहन्यायाधिवक्ता:** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित प्रथम श्रेणी (सहसचिव स्तर) को सरकारी वकील ।
- **उपन्यायाधिवक्ता/जिल्ला न्यायाधिवक्ता:** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित द्वितिय श्रेणी (उप सचिव) स्तरको सरकारी वकील ।
- **सहायक जिल्ला न्यायाधिवक्ता/सहायक न्यायाधिवक्ता:** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित तृतीय श्रेणी (शाखा अधिकृत) सरहको सरकारी वकील ।

**सरकारवादी मुद्दाहरू:**

**(क) देवानी मुद्दाहरु:–** सरकारी र सार्वजनिक सम्पत्ति सम्वन्धी मुद्दाहरु र नेपाल सरकारको हक हित सरोकार सम्वन्धी देवानी मुद्दाहरु सरकारवादी हुन्छ ।

**(ख) फौजदारी मुद्दाः–** दुनियावादी फौजदारी हुने केही अपवादलाई छाडेर प्राय सबैजसो मुद्दाहरु सरकारवादी हुन्छन् । यसलाई यसरी वर्गिकरण गर्न सकिन्छ ।

**जीउ ज्यान सम्बन्धित कसूरः–** ज्यान सम्बन्धि कसूर, ज्यान मार्ने उद्योग, अंगभंग, तेजाब खनाई कुरुप पारेको, गर्भपतन, गैरकानूनी थुना, ब्यक्ति वेपत्ता पार्ने, अपहरण तथा शरिर बन्धक, इलाज (उपचार) सम्वन्धी कसूर, मानव बेचबिखन सम्बन्धी कसूर ।

**राष्ट्र र समाज विरुद्धका कसूरः–** राज्य विरुद्धका कसूर, सार्वजनिक शान्ति भंग गर्ने कसूर, अपराधका प्रमाणहरु नष्ट गर्ने, प्रमाण संकलनमा बाधा पुर्याउने कसूर, सार्वजनिक स्वास्थ्य, सुरक्षा, सुविधा, नैतिकता विरुद्धका कसूरहरु, हातहतियार र विष्फोटक पदार्थ सम्बन्धी कसूर, राष्ट्रिय वा सार्वजनिक सम्पत्ति बिरुद्धको कसूर, धर्म सम्बन्धी कसूर, लागूऔषध, वन सम्वन्धी कसूर, नक्कली नोट, नक्कली टिकट सम्बन्धी कसूर, भ्रष्टाचार सम्बन्धी कसूर ।

**समाजका कमजोर वर्ग उपर भेदभाव सम्बन्धी कसूरः–** गम्भीर घरेलु हिंसा, बोक्सीको आरोप, छुवाछुत सम्वन्धी कसूर ।

**यौनजन्य कसूरः–** वालविवाह, बहुविवाह, जबरजस्ती करणी/उद्योग, बाल यौन दुरुपयोग ।

**सम्पत्ति सम्वन्धी कसुरः–** चोरी, डाँका, ठगी, आपराधिक विश्वासघात, सार्वजनिक लिखत किर्ते सम्बन्धी, नाप तौल सम्बन्धी कसूर, आपराधिक उपद्रव सम्बन्धी कसूर ।

**सरकारवादी फौजदारी मुद्दाको कारबाही प्रकृयामा सरकारी वकीलको प्रतिनिधित्वः**

- अनुसन्धान (निर्देशन दिने)
- अभियोजन (मुद्दा चल्ने नचल्ने निर्णय गर्ने र अभियोग पत्र दायर गर्ने)
- अदालती/न्यायिक कारबाहीमा प्रतिनिधित्व (साक्षी बकपत्र, वहस पैरवी र प्रतिरक्षा, निवेदन, पुनरावेदन, मुद्दा दोहोर्याई हेरी पाउने निवेदन सम्बन्धि काम)

**सरकारवादी फौजदारी मुद्दामा सरोकारवाला निकायहरूः**

- प्रहरी र अन्य अनुसन्धान गर्ने निकायका अनुसन्धान अधिकारी र कर्मचारीहरू
- सरकारी वकील
- निजी कानून व्यवसायी (नेपाल बार)
- अदालत/अर्धन्यायिक निकाय
- फरेन्सिक विज्ञ/चिकित्सक, समुदाय/नागरिक समाज (विभिन्न प्रकारका अपराधको न्याय निरूपणमा सम्बन्धित विज्ञहरू)
- स्थानीय तह
- अन्य विभिन्न सरकारी निकाय/संघ संस्था (अस्पताल, पुर्नस्थापना केन्द्र आदि)

**समुदायबाट सरकारी वकीलले राखेको अपक्षाः**

- कसूरको सूचना नजिकको प्रहरी कार्यालयमा वा नजिकको सम्बन्धित अनुसन्धान गर्ने कार्यालयमा थाहा पाउने वित्तिकै छिटो उपलब्ध गराउने ।


- कसूर गर्ने व्यक्तिलाई पक्राउ गर्न वा नियन्त्रण गर्न सहयोग गर्ने ।
- कसूरको अनुसन्धानको क्रममा आफूले देखेको र थाहा पाएको साँचो कुराको जानकारी अनुसन्धान अधिकारी, सरकारी वकील र अदालत/न्यायिक निकायमा बयान र वकपत्रमा जानकारी गराउने ।
- कसूरको अनुसन्धानको क्रममा तयार गरिने विभिन्न लिखतहरूमा रोहवरमा र साक्षी बस्ने र घटना विवरण कागज गर्ने ।
- अपराध पीडितलाई तत्काल उद्धार, उपचार, राहत र पुर्नस्थापना गर्न सहयोग गर्ने ।
- मुद्दाको साक्षीको रूपमा रहेका व्यक्तिले अदालत/न्यायिक निकायमा तोकिएको दिनमा समयमा आई आफूले देखेको, जानेको र थाहा पाएको कुरा जानकारी गराई वकपत्र गर्ने ।
- अदालत/न्यायिक निकायबाट भएको फैसला कार्यान्वयनमा सहयोग गर्ने ।
- अनुसन्धान, अभियोजन र न्याय निरोपणका क्रममा अनुसन्धान अधिकारी, अभियोजनकर्ता र न्याय निरोपण गर्ने अधिकारी र न्यायधीशलाई अनुचित रूपमा आस, त्रास, दबाव र प्रभावमा पार्ने प्रयत्न नगर्ने ।

**समुदायले थाहा जानकारी पाइराखु पर्ने कुराहरू:**

- कसैले पनि कानून उल्लंघन गरेर कुनै कानूनी व्यवस्थाको जानकारी थिएन वा जानेको थिइन भन्न पाउँदैन ।
- कसैलाई पनि कुनै प्रकारको भेदभाव वा छुवाछुत गर्न पाईंदैन ।
- दश वर्ष भन्दा कम उमेरका बालबालिकालाई कुनै अपराधमा सजाय हुँदैन । मुद्दा लाग्दैन ।
- बालबालिकालाई सिकाएर कुनै अपराध गर्न लगाएमा वा त्यसरी अपराध भएमा सिकाउने वा अपराध गर्न लगाउनेलाई पनि सजाय हुन्छ ।
- कसैलाई पनि कानून बमोजिम बाहेक थुनामा राख्न पाइदैन ।
- कसैलाई पनि यातना दिन पाईंदैन । पक्राउ परेका व्यक्तीलाई कुटपिट गर्न वा कुनै किसिमको यातना दिने गर्न हुँदैन ।
- अपराधको सूचना दिनु सबैको कर्तव्य हो । नजिकको प्रहरी कार्यालयमा वा सम्बन्धित अनुसन्धान गर्ने निकायमा यस्तो सूचना दिनुपर्छ ।
- अपराधको बारेमा आफूलाई थाहा जानकारी भएको साँचो कुरा अनुसन्धानको क्रममा अनुसन्धान अधिकारी र अदालत/अर्धन्यायिक निकायमा बयान/वकपत्रमा भन्नुपर्छ ।
- अपराध पीडितलाई उद्धार गर्न, उपचार गर्न र पुर्नस्थापना गर्न सहयोग गर्नुपर्छ ।

- साक्षीको रूपमा रहेका व्यक्तिले अपराधको बारेमा आफूलाई थाहा जानकारी भएको कुरा अदालत/अर्धन्यायिक निकायमा तोकिएको दिनमा गएर वकपत्र गरिदिनु पर्छ ।
- सुनेर जानेको वा थाहा पाएको कुरा प्रमाण होइन ।
- असमर्थ पक्षलाई कानून बमोजिम निशुल्क कानूनी सहायता पाउने हक हुन्छ ।
- अपराध पीडितलाई आफू पीडित भएको मुद्दामा भएको अनुसन्धानको र अदालतमा भएको न्यायिक काम कारवाहीको जानकारी पाउने हक हुन्छ ।
- प्रत्येक अपराध पीडितलाई अभियुक्तलाई लगाइएको अभियोगको बारेमा वा अभियोग नलगाइएको अवस्थामा त्यसको आधार र कारणको बारेमा जानकारी पाउने हक हुन्छ ।
- अपराध पीडितलाई कानून बमोजिम मुद्दाको कारवाही प्रक्रियामा सहभागी हुन पाउने, सामाजिक पुन:स्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुन्छ ।
- नेपाल सरकार वादी हुने मुद्दामा अपराधको सूचना दिने व्यक्ति सरकारी गवाह (साक्षी) हुन्छ ।
- अदालत/मुद्दा हेर्ने निकायबाट दोषी ठहर नहुँदासम्म अभियुक्तलाई निर्दोष मान्नुपर्छ ।
- आफू विरुद्ध लागेको कसूरको प्रतिरक्षा गर्न कानून व्यवसायी राख्न असमर्थ अभियुक्तलाई राज्यद्वारा निशुल्क कानूनी सहायता एवं प्रतिरक्षा उपलव्ध हुन्छ । यसका लागि वैतनिक वकीलको व्यवस्था गरिएको हुन्छ ।

दोस्रो कार्यपत्र



# मधुवन नगरपालिकामा लागू औषध साथै अन्य अपराधको प्रवृत्तिको अवस्था

मितिः-२०८१।०१।२८ गते

प्रस्तुतकर्ताः-
प्र.स.नि. दर्पण राना
इलाका प्रहरी कार्यालय ढोढरी
बर्दिया।

1

## प्रस्तुतीकरणका विषयहरुः-

- अपराधको परिचय
- अपराधको प्रवृती/त्रिबर्षिय तथ्याङ्क (मधुवन नगरपालिका भित्रको)
- समस्या / चुनौतीहरु
- समाधानका लागी गरिएका र थप गर्नुपर्ने प्रयासहरु/सुझावहरु

2

## अपराध

- प्रचलित कानूनले नगर्नु भनेको कार्य गर्नु वा गर्नु भनेको कार्य नगर्नु
- फौजदारी कानूनले निषेध गरेको कार्य
- प्रचलित कानूनले दण्ड हुने कार्य
- नेपाली बृहत शब्दकोष अनुसारः- अपराधलाई कानुन बिरुद्धको काम,धार्मिक दृष्टिकोणबाट गर्न नहुने आचरण , पाप लाग्ने काम भनि अथ्याईएको छ।

3

## मधुबन नगरपालिकामा घटेका अपराधको त्रिबर्षिय तथ्याङ्क

| सि. नं. | मुद्दा शिर्षक | आ.ब. २०७७।०७८ | | | आ.ब. २०७८।०७९ | | | आ.ब. २०७९।०८० | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दर्ता | फर्छ्यौट | बाँकी | दर्ता | फर्छ्यौट | बाँकी | दर्ता | फर्छ्यौट | बाँकी |
| १ | कर्तब्य ज्यान | १ | १ | - | - | - | - | १ | १ | - |
| २ | ज्यान मार्ने उद्योग | १ | १ | - | - | - | - | ४ | ४ | - |
| ३ | सवारी ज्यान | ३ | ३ | - | १ | - | १ | ५ | ४ | १ |
| ४ | सवारी गौवध | १ | १ | - | - | - | - | - | - | - |
| ५ | सा.सु. बिरुद्ध कसुर | १० | १० | - | ४ | ४ | - | ४ | ४ | - |
| ६ | ज.ज.क. | ४ | ४ | - | ४ | ४ | - | ४ | ४ | - |
| ७ | ज.ज.क.उ. | १ | १ | - | - | - | - | १ | १ | - |
| ८ | जुवा | - | - | - | १ | १ | - | १ | १ | - |
| ९ | बहु विवाह | - | - | - | १ | १ | - | १ | १ | - |
| १० | चोरी | २ | २ | - | २ | २ | - | १ | १ | - |
| ११ | लागू औषध | १ | १ | - | ३ | ३ | - | ७ | ७ | - |
| १२ | बाल यौन दुरुपयोग | - | - | - | १ | १ | - | - | - | 4 |

## मधबन नगरपालिकामा घटेका अपराधको त्रिबर्षिय तथ्याङ्क

| सि.नं. | मुद्धा शिर्षक | आ.ब. २०७७।०७८ | | | आ.ब. २०७८।०७९ | | | आ.ब. २०७९।०८० | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दर्ता | फर्छ्यौट | बाँकी | दर्ता | फर्छ्यौट | बाँकी | दर्ता | फर्छ्यौट | बाँकी |
| १३ | झु.आ.ह. | ६ | ६ | - | ५ | ५ | ० | १० | - | १० |
| १४ | भबितब्य ज्यान | २ | २ | - | १ | - | १ | २ | - | २ |
| १५ | बाघको आक्रमण | ७ | ७ | - | १ | - | १ | ३ | - | ३ |
| १६ | बिष सेवन | १ | १ | - | - | - | - | - | - | - |
| १७ | फुटकर ज्यान | ३ | ३ | - | १ | - | १ | ४ | - | ४ |
| १८ | जातिय छुवाछुत | १ | १ | - | - | - | - | - | - | - |
| १९ | बैंङकिङ कसुर | १ | १ | - | - | - | - | २ | २ | - |
| २० | अपहरण,शरिर बन्धक राखि ज.क. | १ | १ | - | - | - | - | - | - | - |
| २१ | करेन्टलागी मृत्यु भ.त.ज्यान | - | - | - | १ | - | १ | २ | - | २ |
| २२ | सर्पले टोकी मृत्यु (भ.ज्या.) | - | - | - | - | - | - | १ | - | १ |
| २३ | अपाधिक उपद्रव गर्न नहुने कसुर | - | - | - | - | - | - | १ | १ | - |
| २४ | ठगी सम्बन्धी कसुर | - | - | - | - | - | - | १ | १ | - |
| | जम्मा | ४६ | ४६ | ० | २६ | २५ | १ | ५५ | ३२ | २३ |

5

## चालु आ.ब.को अपराध तथ्याङ्क


| सि.नं. | मुद्धा शिर्षक | मुद्धा दर्ता संख्या | फर्छौट संख्या | बाँकी संख्या | कै. |
|---|---|---|---|---|---|
| १ | जबरजस्ती करणी | ६ | ३ | ३ | |
| २ | लागु औषध (ब्राउनसुगर) | २० | १५ | ५ | |
| ३ | चोरी | २ | २ | ० | |
| ४ | फूटकर ज्यान | २ | ० | २ | |
| ५ | झुण्डी आत्महत्या ज्यान | १० | ० | १० | |
| ६ | बालयौन दुर्ब्यवहार | १ | १ | ० | |
| ७ | ज्यान मार्ने उद्योग | २ | १ | १ | |
| ८ | बाघको आक्रमणबाट मृत्यु भवितब्य ज्यान | २ | ० | २ | |
| ९ | भवितब्य ज्यान | ८ | ० | ८ | |
| १० | सवारी ज्यान | ५ | ४ | १ | |
| ११ | बहु बिवाह | १ | १ | ० | |
| १२ | सवारी गौवध | १ | १ | ० | |
| १३ | अभद्र ब्यबहार | ३ | १ | २ | |
| | जम्मा | ६३ | २९ | ३४ | |

6

- आ.ब.२०७७/०७८ मा कुल मुद्धा दर्ता संख्या ४६ रहेकोमा चालु आ.ब.को आजका मिति सम्मको मुद्धा दर्ता संख्या ६३ रहेको पाईन्छ । यसबाट ४ बर्षको अन्तरालमा झण्डै ४५% का दरले अपराधिक घटनाको संख्या बृद्धी भएको पाईन्छ ।
- यसरी अपराधको सम्बन्धमा प्रहरीमा उजुरी पर्नु वा मुद्धा दर्ता हुनु भनेको आम जनतामा कानुनी सजकता अभिबृद्धी भएको , अपराधलाई सहन हुन्न भन्ने मानसिकता बृद्धी भएको हो र पनि यथार्थमा समाजमा अपराधिक घटना त भएकै हो ।


7

## चौबर्षिय अपराध तालिका





8

## मुख्य घटनाहरुको विश्लेषण




9


## लागूऔषध मुद्दाको चौबर्षिय तथ्याङ्क




चालु आ.व.को आजको मिति सम्म इलाका प्रहरी कार्यालय ढोढरीमा जम्मा मुद्धा दर्ता संख्या ६३ रहेको जसमध्य लागुऔषध सम्बन्धी मुद्धा २० दर्ता भएको जुन समग्र मुद्दाको करिव ३२% हुन आउने ।

10

## PERCENTAGE DISTRIBUTION OF AGE AT FIRST DRUG INTAKE





11

## समस्या तथा चुनौतीहरुः-


- लागूऔषध दुर्व्यसनीमा किशोर / किशोरीहरुको बढ्दो संलग्नता







12

- मानव वन्यजन्तु द्वन्द






- बढ्दो सवारी दुर्घटना (छाडा पशु चौपाया)

## आत्महत्या

- मिति २०८१।०१।२६ गते दिउसो अन्दाजी १२:१५ बजेको समयमा जिल्ला बर्दिया मधुबन नगरपालिका वडा नं. ५ बरगाँउ बस्ने बर्ष ३३ की कल्पना न्यौपानेले आफ्नै घरकोठको सिलिङ फेन (पङ्खा) को पातमा गुलाबी सल दोपट्टाले घाटीमा पासो लगाई झुण्डी मृत्यु भएको ।




15

- मिति २०८१।०१।२१ गते बिहान अन्दाजी ०८:४५ बजेको समयमा जिल्ला बर्दिया मधुबन नगरपालिका वडा नं. ३ भगतपुर बस्ने बर्ष अ. ६३ को जनकु थारुले ऐ.ऐ.स्थित बालकुमारी सामुदायिक बनको जंगलमा रहेको रोहिनी जातको रुखको हाँगामा आफैले प्रयोग गर्ने सेतो रङको रुमाल (गम्छा) ले घाँटीमा पासो लगाई झुण्डी मृत्यु भएको ।




16

मधुबन नगरपालिकामा लागुऔषध सेवन गरिने सम्भावित स्थानहरु

- १,घरकोठामा
- २,एकान्त ठाँउहरुमा
- ३,सिमा नाकामा रहेका बन जंगलहरुमा
- ४,नहरहरुमा
- ५,खोला नालाको छेउ छाउमा
- ६,पुराना खाली घरहरुमा
- ७,खेतबारीहरुमा

17

लागु औषधको सेवनमा प्रहरीको नियन्त्रणमा आई लागू औषध सम्बन्धी मुद्दा चलेका प्रहरी हिरासत कक्षमा रहेका थुनुवाहरुको प्रहरी हिरासत कक्षमा रहदा बस्दा देखिने लक्षणहरु

- १,टोलाएर बस्ने
- २,खाना कम खाने
- ३,बर्बराउने
- ४,मुर्छा पर्ने
- ५,बेहोस भई ढल्ने
- ६,मुखबाट फिज फाल्ने
- ७,होस गुमाउने
- ८, शारीरिक तथा मानसिक अवस्था एकदमै कमजोर रहेको देखिने
- ९,बिरामी भई अस्पतालनै भर्ना गर्नु पर्ने अवस्था रहेको
- १०,मानसिक स्वास्थ्यमा असन्तुलित देखिने

18

## लागू औषधको कुलतमा फस्नुको कारण

- १, साथिभाईको लहलहैमा लागेर
- २, रमाईलोका लागी
- ३, देखा सिखी
- ४, खुसी हुन
- ५, दुख,पिर,चिन्ता हट्छ भनेर
- ६, रोजगार/काम नपाएर
- ७, परिवारमा झै-झगडा हुँदा
- ८, छिटो र धेरै आर्थिक आर्जन गर्ने उदेश्यले

19

## अन्य अपराधका कारणहरु

- खुला सिमाना
- अबैध हातहतियारको ओसार-पसार तथा प्रयोग
- बाल बिवाह,बहुबिवाह,गरिबी तथा बेरोजगार
- जनचेतना तथा कानूनी ज्ञानको कमी
- घरेलु हिंसा,लैङ्गिक हिंसा,दाईजो,बोक्सिको आरोप,जातिय छुवाछुत तथा कुरिती कुसस्कार आदी।
- सम्बन्धीत निकायहरुबाट जनचेतना मुलक कार्यक्रमहरु संचालनमा कमी कमजोरी रहेको

20

## समाधानका लागी गरिएका र गरिनुपर्ने प्रयासहरु

- मुख्य बजार क्षेत्र र बिभिन्न अपराधिक क्रियाकलापहरु हुनसक्ने क्षेत्रहरुमा सि.सि.क्यामेरा जडान गरिनु पर्ने ।
- रातको समयमा हुने अपराधहरुलाई न्युनिकरण गर्नको लागी बजार एरिया लगाएत अन्य सम्भावित क्षेत्रमा हाईमष्ट लाईटको ब्यवस्था हुनु पर्ने ।
- लागुऔषध दुर्ब्यसनीमा फसेका युबा युवतीहरुको लागी पुनस्थापना केन्द्रको स्थापनाका साथै स्थानिय स्तरमा नै ब्यापक रुपमा बिभिन्न सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनु पर्ने

21

## समाधानका लागि गरिएका र गरिनुपर्ने प्रयासहरु

- समाजमा हुने बिभिन्न सामाजिक अपराधहरु (बालबिवाह, बहुबिवाह, दाईजो, बोक्सी आरोप, बालश्रम,जातिय छुवाछुत जस्ता समाजमा बिध्यमान करिती, कुसँस्कार) न्यूनीकरणका लागी उचित बजेट छुट्टाईनु पर्ने र सो बजेट सम्बन्धी क्षेत्रमानै खर्च गरिनु पर्ने ।
- बिपन्न परिवारका,अपाङ्गता भएका बालबालिका,महिला,एकल महिला तथा जोखिममा रहेका ब्यक्तिहरु जो माथि बिभिन्न अपराधहरु हुन सक्छ त्यस्ता ब्यक्तिहरुका लागी सरोकारवाला पक्षहरुले ध्यान दिनु पर्ने ।
- बढ्दो सवारी दुर्घटनालाई न्यूनीकरण गर्नको लागी छाडा पशु चौपायको उचित ब्यवस्थापनको साथै बिभिन्न ट्राफिक सचेतनामूलक कार्यक्रमहरु गरिनु पर्ने ।

22

- घरपरिवार भित्र हुने बिभिन्न किसिमका हिंसाहरु (लैंङ्गिक हिंसा,घरेलु हिंसा ) न्युनीकरण गर्नको लागी सचेतनामुलक कार्यक्रमहरु गरिनु पर्ने । (हजुरबुबा-नातिनातिना अन्तरक्रिया कार्यक्रम,)
- आत्महत्या सम्बन्धी घटनाहरु यस पालिका भित्र प्रत्येक बर्ष बढ्दो क्रममा रहेकोले सो को न्युनीकरणका लागी निति तथा कार्यक्रमहरुमा समेत समाबेश गरिनु पर्ने ।
- अपराधिक क्रियाकलापलाई न्युनीकरण गर्नका लागी समुदाय प्रहरी साझेदारी कार्यक्रमलाई अझै प्रभावकारी बनाउनु पर्ने र सोको लागी पालिका,वडा तथा टोलमा गठित समितीलाई सक्रिय राख्नु पर्ने आदि ।

23



तेस्रो कार्यपत्र

# लागू औषधको प्रयोग, असर र कानूनी व्यवस्था

२०८१ बैशाख २८ गते
नगेन्द्र लम्साल,
जिल्ला न्यायाधिवक्ता,
जिल्ला सरकारी वकील कार्यालय, बर्दिया

1

## लागू औषधको परिचय

- कुनै पनि औषधी जसको सेवनले मानिसको केन्द्रीय स्नायु प्रणालीमा प्रभाव पार्नुका साथै प्रयोगकर्ताको भावना तथा सोचाइमा विकृत परिवर्तन ल्याउने तत्वलाई लागू औषध भनिन्छ ।
- लागू औषधको सेवनले मानिसको मानसिक चेतना अनुभुति र मनोभावलाई प्रभावित पारी बुझने, सम्झने र सोच्ने शक्तिलाई विकृत तुल्याउँछ ।
- कानूनद्वारा निषेधित गाँजा, चरेश, अफिम, कोकिन, मर्फिन, हेरोइन, डाएमर्फिन र मनोद्वीपक औषधीहरु आदि अवैध लागू औषध हो भने सूर्तिजन्य पदार्थ र मदिरा कानूनद्वारा नियन्त्रित लागू पदार्थ हो ।

2

## लागू औषधको परिचय

- लागू औषध (नियन्त्रण) ऐन २०३३ को दफा ३ मा लागू औषध भन्नाले
- गाँजा
- औषधोपयोगी गाँजा
- अफिम
- तैयारी अफिम
- औषधोपयोगि अफिम
- कोकाको झार र पात र
- अफिम तथा कोकाको सारतत्व मिश्रण वा लवण समेत मिसाई तयार गरिने कुनै पदार्थ।

3

## लागू औषधको परिचय

- नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका प्राकृतिक वा कृत्रिम लागू औषध तथा मनोद्वीपक पदार्थ (साइकोट्रपिक्स सब्स्टान्स) र तिनको लवणहरू तथा अन्य पदार्थ समेत सम्झनु पर्दछ ।
- नेपाल राजपत्र, खण्ड ४४, २०५१ साल जेठ २ मा प्रकाशित (संख्या ५), भाग ३, गृह मन्त्रालयको सूचना अनुसार मनोद्वीपक औषधीहरु (साइकोट्रपिक सब्स्टान्स) भनी पृष्ठ ३ मा उल्लेख भए अनुसारः

१. एमफटामिन र यसका लवण तथा यसको मूल श्रणुमा थप रासायनिक समूह जोडी उत्पादन गरिएका सम्बन्धित सबै रसायनहरु,

4

## लागू औषधको परिचय

२. वार्बिटोन तथा यसका लवण तथा यसको मूल श्रणुमा थप रासायनिक समूह जोडी उत्पादन गरिएका सम्बन्धित सबै रसायनहरु,
३. नाइट्राजेपाम,
४. लोराजेपाम,
५. अक्साजेपाम,
६. टिमाजेपाम,
७. डाइजेपाम,
८. क्लोरडाइजिपीक्साइड र
९. क्लोनाजेपाम ।

5

## लागू औषधको वर्गिकरण

प्राप्तिको श्रोतको आधारमा
- प्राकृतिक
- कृत्रिम

कानूनी रुपमा
- कानूनी
- गैरकानूनी
- नियन्त्रित

6

## लागू औषध प्रयोगका कारणहरु

- नेपाल लागू औषध प्रयोगकर्ता सर्वेक्षण २०७६ अनुसार लागू औषध दुर्व्यसनका कारणहरू देहाय अनुसारका रहेको छः
- साथीसँगीको दबाब
- मनोरञ्जनका लागि
- उत्सुकता
- खुसी हुन
- मानसिक तनाव
- पारिवारीक समस्या
- डिप्रेसन
- पढाईमा समस्या

7

## लागू औषध प्रयोगकर्तामा देखिने लक्षणहरु

- एकान्तमा बस्न रुचाउने तथा वोलचाल कम गर्ने ।
- असमान्य व्यवहार देखाउने । स्वभाव, वोल्ने शैली र पहिचानमा अचानक परिवर्तन आउने ।
- विना कारण झगडा बनाएर चाहिने भन्दा बढी पैसा माग्ने र खर्च गर्ने ।
- शरिर कमजोर हुने र दुब्लाउँदै जाने ।
- पढ्न मन नगर्ने ।
- घरबाट पैसा र बहुमुल्य सामानहरु हराउने ।
- अपराध कर्ममा लाग्ने ।
- सौचालयमा लामो समय सम्म विताउने ।

8

## लागू औषध प्रयोगकर्तामा देखिने लक्षणहरु

- हाई हाई गर्नु र निद्रा नलाग्नु ।
- शरिरमा काटिएको खत, निलडाम र चोटपटक देखिनु ।
- अध्ययन गर्ने संस्थामा गयल हुने । पढाई बिग्रदै जाने ।
- घरमा अनावश्यक, नयाँ नयाँ र अमिल्दा साथीहरु ल्याउने ।
- घरमा ढिलो आउने र धेरै जसो घर बाहिर बस्ने खोज्ने ।
- छटपटी हुन, थर थर काँप्नु र स्थिर आसन नहुनु ।

9

## लागू औषध प्रयोगकर्तामा देखिने लक्षणहरु

- सुत्ने र उठने समयमा अचानक परिवर्तन आउनु ।
- मुटुको चाल घटबढ भइरहनु ।
- आँखा रातो हुनु, आँखाबाट आँसु आइरहनु र वोली लरबरिनु ।
- आँखा जुधाएर वा सिधा भएर कुरा गर्न नसक्नु ।
- व्यक्तिगत सरसफाईमा ध्यान नदिनु । एउटै लुगा धेरै दिन सम्म लगाउनु ।
- खानामा रुची नहुनु ।
- अचानक निर्णय बदल्नु वा तुरुन्तै सनकपन देखाउने ।

10

## लागू औषध प्रयोगकर्तामा देखिने लक्षणहरु

- दुर्व्यसनसँग सम्बन्धित वस्तुहरुमा टचाब्लेट, सुर्तीको धुलो, झिलझिले कागज, सिरिन्ज, ब्लेड, सलाई लाइटर, मसिनो पाइप, बेरिएको नोट, औषधिका सिसीहरु, खैरो/सेतो धुलोहरु आदि झोला वा खल्तिमा वा कोठामा भेटिनु आदि ।

11

## लागू औषध प्रयोग गर्ने तरिका

नेपाल लागू औषध प्रयोगकर्ता सर्वेक्षण २०७६ अनुसार लागू औषध प्रयोगकर्ताले लागू औषध प्रयोग गर्ने तरिका निम्नानुसार रहेको छः

- मुखबाट
- धुँवाबाट
- सुईबाट
- सुँघेर

12

## लागू औषध सेवनबाट हुने असरहरू

- **शारीरिक असर:** एच.आई.भि.-एड्स, हेपाटाईटिस तथा यौनजन्य रोगहरू संक्रमण हुने, तौल घट्ने, शरीर दुब्लाउने, खानामा रूचि नहुने, ओभरडोज भएर मृत्यु समेत हुने ।
- **मानसिक असर:** एकोहोरोपन, फ्रस्टेसन, डिप्रेशन, सोच्न सक्ने शक्ति हराउने, स्मरण शक्ति कम हुने, नकारात्मक भावनाको श्रृजना, आत्महत्या गर्न प्रेरित हुने ।
- **पारिवारिक तथा सामाजिक असर:** पारिवारिक असमझदारी बढ्ने, घरको सामानहरू चोरी हुने, दैनिक झगडा गर्ने, सम्पत्ति घट्दै जाने, पारिवारिक दुरि बढने, अनैतिक कार्यमा संलग्न हुने इत्यादि ।

13

## लागू औषध प्रयोगकर्तामा देखिने स्वास्थ्य समस्याहरु

लागू औषधको प्रयोगबाट प्रयोगकर्ताहरूमा

- हेपाटाइटिस B/C,
- क्षयरोग,
- एच.आई.भि./एड्स,
- एस.टि.डी. Sexually transmitted diseases,
- कुपोषण
- विभिन्न स्वास्थ्य समस्या
- लागू औषधको सेवनबाटै व्यक्तिको अकालमा ज्यानै पनि जाने

14

## प्रयोगकर्ताले लागू औषध प्रासिका श्रोतहरू

नेपाल लागू औषध प्रयोगकर्ता सर्वेक्षण २०७६अनुसार लागू औषध प्रयोगकर्ताले लागू औषध प्रासिका श्रोतहरू:

| प्रासिको श्रोत | प्रतिशत |
|---|---|
| • साथीसँगी | 67.7 |
| • डुलन्ते विक्रेता | 14.1 |
| • औषधी पसल | 8.4 |
| • अन्य पसल | 7.2 |
| • इन्टरनेटको माध्यम | 2.5 |
| • अन्य | 0.4 |

15

## लागू औषध (नियन्त्रण) ऐन, २०३३

दफा ४ निषेध गरिएका कार्यहरु

क) गाँजाको खेती गर्न, उत्पादन गर्न, तैयारी गर्न, खरिद गर्न, विक्री वितरण गर्न, निकासी वा पैठारी गर्न, ओसार पसार गर्न, सञ्चय गर्न वा सेवन गर्न,
ख) अफीम वा कोकाको खेती गर्न वा अफीम वा कोकाको पात वा अन्य लागू औषधको उत्पादन गर्न,
ग) लागू औषधको निर्माण वा तैयारी गर्न,
घ) लागू औषधको विक्री वितरण गर्न,
ङ) लागू औषधको निकासी वा पैठारी गर्न,
च) लागू औषध खरिद गर्ने, सञ्चय गर्ने, राख्न वा ओसार पसार गर्ने,
छ) गाँजा बाहेक अन्य लागू औषध सेवन गर्ने,

16

## लागू औषध (नियन्त्रण) ऐन, २०३३

दफा १४ दण्ड सजाय

(१) दफा ४ अन्तर्गत निषेध गरिएका कार्य गर्ने व्यक्तिलाई अपराधको मात्रा अनुसार देहाय बमोजिम सजाय हुनेछः

क) गाँजा सेवन गर्ने व्यक्तिलाई एक महिनासम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना ।
ख) पच्चीसवटा बोटसम्म गाँजाको खेती गर्ने व्यक्तिलाई तीन महिना सम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना ।
ग) पच्चीसवटा बोट भन्दा बढी गाँजाको खेती गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा पाँच हजार रुपैयाँ देखि पच्चीसहजार रुपैयाँसम्म जरिवाना ।

17

## लागू औषध (नियन्त्रण) ऐन, २०३३

घ) गाँजा उत्पादन, तयारी, खरिद, विक्री, वितरण निकासी वा पैठारी, ओसारपसार तथा संचय गर्ने व्यक्तिलाई:-

१) पचास ग्रामसम्मको भए तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना ।

२) पचास ग्रामदेखि पाँचसय ग्रामसम्मको भए एक महिनादेखि एक वर्ष सम्म कैद र एक हजार रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना ।

३) पाँचसय ग्रामदेखि दुई किलो ग्रामसम्मको भए ५ महिनादेखि दुई वर्षसम्म कैद र दुई हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना ।

18

**लागू औषध (नियन्त्रण) ऐन, २०३३**

४) दुई किलो ग्रामदेखि दश किलो ग्रामसम्मको भए एक वर्षदेखि तीन वर्षसम्म कैद र पाँचहजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना ।

५) दश किलो ग्रामदेखि माथि जतिसुकै भए पनि दुई वर्षदेखि दश वर्षसम्म कैद र पन्ध्र हजार रुपैयासम्म एक लाख रुपैयाँसम्म जरिवाना ।

ङ) अफीम, कोका वा सोबाट बनेको लागू औषधको सेवन गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना ।

19

**लागू औषध (नियन्त्रण) ऐन, २०३३**

च) अफीम वा कोकाको खेती गर्ने व्यक्तिलाईः-

१) पच्चीसवटा बोटसम्म भए एक वर्षदेखी तीन वर्षसम्म कैद र पाँच हजार रुपैयाँदेखि पच्चीसहजार रुपैयाँसम्म जरिवाना ।

२) पच्चीस बोट भन्दा माथि जतिसुकै भए पनि तीन वर्षदेखि दश वर्षसम्म कैद र पच्चीस हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना ।

20

**लागू औषध (नियन्त्रण) ऐन, २०३३**

छ) अफिम, कोका वा सोबाट बनेका लागू औषधको सेवन र खेती गर्ने कार्य बाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाईः-

१) पच्चीस ग्रामसम्मको कारोवार गर्नेलाई पाँच वर्षदेखि दश वर्षसम्म कैद र पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना ।

२) पच्चीस ग्रामदेखि एक सय ग्रामसम्मको कारोवार गर्नेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचहत्तर हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना ।

३) एक सय ग्रामदेखि माथि जतिसुकै परिमाणको कारोवार गर्नेलाई पन्ध्र वर्षदेखि जन्म कैद र पाँचलाख रुपैयाँदेखि पच्चीस लाख रुपैयाँसम्म जरिवाना ।

21

**लागू औषध (नियन्त्रण) ऐन, २०३३**

ज) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरि तोकिदिएका प्राकृतिक वा कृत्रिम लागु औषध तथा मनोद्वीपक पदार्थ (साईकोट्रपिक सब्स्टान्स) र तिनको लवण र अन्य पदार्थ समेतको दुर्व्यसन गर्ने व्यक्तिलाई दुई महिनासम्म कैद वा दुई हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय ।

झ) माथि खण्ड (ज) मा लेखिएदेखि बाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई दुई वर्षदेखि दश वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि वीस लाख रुपैयाँसम्म जरिवाना ।

22

**लागू औषध (नियन्त्रण) ऐन, २०३३**

दफा १६ः बारम्बार अपराध गर्नेलाई थप सजायः यस ऐन अन्तर्गत एक पटक सजाय पाइसकेको व्यक्तिले पुनः यसै ऐन अन्तर्गत अपराध गरेमा निजलाई त्यस्तो पछिल्लो प्रत्येक पटकको निमित्त सजायमा थप पाँच वर्षसम्म कैद र एक लाख रुपैयासम्म जरिबाना हुनेछ ।

दफा १८ अपराधसित सम्बन्धित मालसामान जफत हुने

**दफा १८क. सम्पत्ति जफत हुनेः** (१) दफा ४ को खण्ड (ख), (ग), (घ), (ङ) र (च) अन्तर्गत निषेध गरिएको कुनै कार्य गरी आर्जन गरेको सबै चल तथा अचल सम्पत्ति जफत हुनेछ ।

**लागू औषध सेवन र कारोबार रोकथान गर्न स्थानीय स्तरमा अपनाउनु पर्ने कार्यहरु**

- लागू औषध सेवनकर्ताहरुलाई परिवार, साथीभाई, आफन्त र छिमेकीले लागू औषध सेवनकर्ता भएको जानकारी प्राप्त भएमा परिवारका नजिकका सदस्य र सरोकारवालालाई खबर गरी कुलतमा परेको अवस्थाको मूल्यांकन गरी स्वास्थ्य र मनोसामाजिक परामर्श उपलब्ध गराई आवश्यकता अनुसार सुधार गृहमा राख्ने ।
- स्थानीय तह र प्रहरी समेतका सरोकारवालाले लागू औषधको सेवन र बिक्री वितरणले पार्ने असर र सजायका सम्बन्धमा समुदायमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

24

**लागू औषध सेवन र कारोबार रोकथान गर्न स्थानीय स्तरमा अपनाउनु पर्ने कार्यहरु**

- लागू औषध प्रयोगकर्ता र बिक्री वितरणकर्ताको पहिचान गरी प्रहरीलाई सूचना र जानकारी दिने ।
- लागू औषधको प्रयोगको नियन्त्रण, बिक्री वितरण र ओसारपसारको नियन्त्रण र सुधारका लागि स्थानीय तहले प्रहरी सहितका सरोकारवालाहरुको सहभागीतामा योजना र कार्यक्रम निर्धारण गरी कार्यान्वयन गर्ने ।
- लागू औषधको प्रयोग र कारोबार गर्न छोडेका व्यक्तिलाई समाजमा पुर्नस्थापना गर्ने कार्यक्रम सरोकारवालाहरुबाट सञ्चालन गर्ने ।

25

**लागू औषध सेवन र कारोबार रोकथान गर्न स्थानीय स्तरमा अपनाउनु पर्ने कार्यहरु**

- लागू औषधको कूलतमा फसेका व्यक्तिलाई परिवार र समाजले कूलतबाट उम्किन हिम्मत, साथ र सहयोग गर्नुपर्ने ।
- लागू औषधले पार्ने असर र सजायका सम्बन्धमा सञ्चारमाध्यममार्फत जानकारी मूलक सामाग्री प्रकाशन/प्रशारण गरी सचेतना अभिवृद्धि गर्ने ।
- स्थानीय तह सहितका सरोकारवालाहरुले लागू औषध सम्बन्धी सचेतना सामाग्री तयार गरी वितरण, प्रचार प्रसार र सचेतना गर्ने ।

26

**लागू औषध सेवन र कारोबार रोकथान गर्न स्थानीय स्तरमा अपनाउनु पर्ने कार्यहरु**

- स्थानीय तहको वेभ पेजमा लागू औषध सचेतना सम्बन्धी जानकारी दिने सूचना र अडियो भिडियो सामाग्री राख्ने ।
- लागू औषधको सेवन गर्न छोडेका र सजाय भुक्तान गरी समाजमा पुर्नस्थापना भएका व्यक्तिहरुलाई यसको सचेतना, नियन्त्रण र रोकथामका लागि परिचालन गर्ने ।


27

**लागू औषध सेवन र कारोबार रोकथान गर्न स्थानीय स्तरमा अपनाउनु पर्ने कार्यहरु**

- स्थानीय तहको वेभ पेजमा लागू औषध सचेतना सम्बन्धी जानकारी दिने सूचना र अडियो भिडियो सामाग्री राख्ने ।
- लागू औषधको सेवन गर्न छोडेका र सजाय भुक्तान गरी समाजमा पुर्नस्थापना भएका व्यक्तिहरुलाई यसको सचेतना, नियन्त्रण र रोकथामका लागि परिचालन गर्ने ।

28

**Source:** https://www.istockphoto.com/photos/drug-abuse **Date Accessed: 9 May 2024**



29

## केही जिज्ञाशा भए ?

## धन्यवाद ।

30